नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५८६ दायर मितिः-२०८१/०२/२७**

**फैसला मितिः-२०८१/०३/१३**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **प्रहरी प्रतिवेदनले** | **जिल्ला पर्सा छिपहरमाई गाउँपालिका वडा नं.५ भिस्वा बस्ने प्रभु साह भन्ने** |
| **नेपाल सरकार..........................१** | **प्रभुजीको छोरा अं. बर्ष ३० को बिक्की भन्ने बिबेकानन्द साह........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले बाद विवाद गरी कर्तव्य पालनामा बाधा पुर्याएको भन्ने प्रहरी प्रतिवेदन।

२. प्रतिवादीले प्रहरीसँग बाद विवाद गरी कर्तव्य पालनामा बाधा पुर्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले प्रहरीसँग बाद विवाद गरी कर्तव्य पालनामा बाधा पुर्याएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. प्रहरीसँग बाद विवाद गरी कर्तव्य पालनामा बाधा पुर्याएकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अनिल कुमार जैसवाल समेतको घटनाविवरण कागज।

५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान बयान ।

६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०२।२१ गते जिल्ला पर्सा छिपहरमाई गाउँपालिका वडा नं.५ भिष्वास्थित सडकमा विक्की भन्ने विवेकानन्द साहलाई फेला पारी चेक जाँच गर्दा उल्टे मलाई किन चेक जाँच गरेको भनी हामि प्रहरी टोलीसँग बादविवाद गरी काम कर्तव्य पालनमा बाधा अवरोध गरी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी बिक्की भन्ने बिबेकान्द साहलाई कैद दिन ६ र जरिवाना रु.३०००/- अक्षेरपी तीन हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी बिक्की भन्ने बिबेकान्द साहलाई ठहरेको कैद दिन ६ को हकमा निज मिति २०८१/०२/२१ देखि २०८१/०२/२६ सम्म हिरासतमा बसि भुक्तान गरी गरिसकेको र जरिवानाको हकमा र.न.५७६/२०८१/०२/२७ बाट दाखिला गरेको धरौटी रकम रु.३०००/- बाट जरिवाना रकम रु.३०००/- कट्टी गर्नु ----------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ असार महिना १३ गते विहीवार रोज ५/ ने.सं. ११४४ तछलागा षष्ठी, शुभम् ........